सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

(२०८३ श्रावण देखि असोज मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलाप)



नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

कुपण्डोल, ललितपुर

बिषय–सूची

क्र.सं.	शीर्षक	पेज नं.
१	कोषको स्वरूप र प्रकृति	१
२	कोषको काम, कर्तव्य र अधिकार	२
३	कोषमा रहने कर्मचारी सङ्ख्या र कार्यविवरण	३
४	कोषबाट प्रदान गरिने सेवाहरू	९
५	कोषको शाखा र जिम्मेवार अधिकारीहरु (शाखा प्रमुखहरु)	१३
६	सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि	१३
७	निवेदन, उजुरीउपर निर्णय गर्ने प्रक्रिया र निर्णय गर्ने अधिकार	१३
८	निर्णय उपर उजुरी सुन्ने अधिकारी	१३
९	सम्पादन गरेको कामको विवरण	१४
१०	सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद	१६
११	ऐन, नियम, विनियम वा निर्देशिकाको सूची	१६
१२	आम्दानी खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण	१७
१३	सूचनाको हकसम्बन्धी तोकिएबमोजिम अन्य विवरण	१८
१४	अघिल्लो आ.व. मा सञ्चालित कार्यक्रमहरू	१८
१५	सार्वजनिक निकायको वेभसाइट	२०
१६	सूचना परियोजनामा, प्राप्त भएको वैदेशिक सहायता ऋण, अनुदान, एवम् सम्झौतासम्बन्धी विवरण	२०
१७	कोषले सञ्चालन गरेका कार्यक्रम र सोको प्रतिवेदन	२०
१८	सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली	२३
१९	कोषमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय	२५
२०	कोषका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण	२५

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसायी
स्वरोजगार कोष

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

(२०८३ श्रावणदेखि असोज मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलाप)

१. कोषको स्वरुप र प्रकृति :

परिचय :

स्रोत साधनको समुचित प्रयोग हुने गरी मुलुकमा उपलब्ध जनशक्तिद्वारा स्वरोजगार मूलक व्यावसायिक परियोजना सञ्चालन गर्नका लागि स्थानीय स्तरमा सुलभ र सुरक्षित व्यावसायिक कर्जा उपलब्ध गराई उद्यमशीलताको विकासमार्फत मुलुकभित्र स्वरोजगारका अवसर सिर्जना गर्न नेपाल सरकारले २०६५ सालमा युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना गरी स्वरोजगार कार्यक्रम सञ्चालनमा ल्याएको हो । मुलुकमा उपलब्ध जनशक्तिलाई आर्थिक रूपमा सक्षम, सामाजिक रूपमा जिम्मेवार र सांस्कृतिक रूपमा जागरूप एवम् सिर्जनशील बनाई युवा स्वरोजगार कार्यक्रममा उनीहरूको सहज पहुँच, प्रयोग र परिचालन गर्न सक्ने अवस्था सिर्जना गरी अपनत्व र स्वामित्वको अनुभूति गराई कार्यक्रमलाई प्रभावकारी बनाउन युवा स्वरोजगार कोष कार्यक्रमका गतिविधि र क्रियाकलापहरू सञ्चालनमा आइरहेका छन् ।

उद्देश्य :

आर्थिक रूपले पिछडिएका विपन्न वर्ग, महिला, दलित, आदिवासी, जनजाति, द्वन्द्वपीडित, अपाङ्ग, घाइते परिवार तथा सहिद परिवार एवम् युवाहरू तथा परम्परागत सीप भएका जातजातिहरूलाई व्यवसायिक खेती, कृषिजन्य उद्योग वा सेवामूलक स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सहुलियत ब्याजदरमा प्रति व्यक्ति बेरोजगार युवाहरूलाई रु. पाँच लाखसम्म आवधिक कर्जा र निशुल्क व्यावसायिक तालिम उपलब्ध गराई तिनीहरूको आय आर्जनमा वृद्धि गरी जीविकोपार्जनलाई सहज बनाउनु मुख्य उद्देश्य रहेको छ ।

कोषको अन्य उद्देश्यहरू :

- बेरोजगार युवाहरूलाई स्वरोजगार बनाउन र सहुलियत ब्याजदरमा वित्तीय संस्था तथा सहकारी संस्थामार्फत विनाधितो कर्जा प्रवाह गर्ने ।
- युवा स्वरोजगार कर्जामार्फत युवाहरू विदेश पलायन हुनबाट रोक्न मदत गर्ने ।
- परम्परागत सीप भएका कामी, सार्की, दमाई, धिमाल, राजवंशी, द्वन्द्वपीडित व्यक्ति, उत्पीडित जाति, जनजाति र क्षेत्र तथा महिलालाई कर्जा लगानी गर्दा प्राथमिकता दिने ।
- व्यावसायिक खेती, पशुपक्षी पालन, कृषि तथा वनजन्य उद्योग पर्यटन घरबास तथा रत्न पत्थर ढुङ्गासम्बन्धी तालिम प्रदान गर्ने ।
- सहर तथा बजार क्षेत्रमा रिक्सा, ठेलागाडा सेवा सञ्चालनलगायतका सेवामूलक स्वरोजगार कार्यक्रमका लागि कर्जा उपलब्ध गराउने ।

- स्थानीय कच्चा पदार्थ र सीपमूलक परियोजना र जुन क्षेत्रमा उत्पादन हुने हो सोही क्षेत्रमा खपत हुने परियोजनालाई विशेष प्राथमिकता दिइने ।
- "एक गाउँ एक उत्पादन एवम् एक सहकारी एक मुख्य चिनारी" सम्बन्धी परियोजनामा लगानी गर्न प्रोत्साहन गर्ने ।

युवा स्वरोजगार कार्यक्रमका विशेषताहरू :

- कोषले बैंक तथा वित्तीय संस्थाहरूमार्फत प्राप्त गरेको विपन्न वर्ग कर्जा स्वरोजगार कार्यक्रममा प्रतिवर्ष ५.५ प्रतिशत ब्याजदरमा लगानी गर्ने ।
- कोषबाट प्राप्त रकम सम्बन्धित वित्तीय संस्था तथा सहकारी संस्थाहरूले बढीमा ८ प्रतिशत ब्याजदरमा युवालाई लगानी गर्ने ।
- लक्षित वर्गका युवाहरुलाई विनाधितो सुलभ कर्जा प्रदान गर्ने ।
- वित्तीय संस्था तथा सहकारी संस्थाहरूको भुक्तानी तालिकाअनुसार साँवा र ब्याज समयमै तिर्ने ऋणीहरूले बुझाएको ब्याजको ६० प्रतिशतले हुने रकम सम्बन्धित कर्जाग्राहीलाई नै ब्याज अनुदानस्वरूप फिर्ता दिने ।
- कोषको कर्जा लिई व्यवसाय सञ्चालन गर्ने व्यवसायी र व्यवसायको बीमा हुने र बीमा गर्दा बुझाउनुपर्ने प्रिमियम कोषले प्रदान गर्ने ।
- कर्जाग्राहीको आवश्यकताअनुसार निःशुल्क व्यावसायिक तथा सीपमूलक तालिम उपलब्ध गराउने ।

२. कोषको काम, कर्तव्य र अधिकार :

राज्यमा व्याप्त बेरोजगार युवालाई स्वरोजगार बनाई आर्थिक संवृद्धि हासील गर्न युवा व्यवसायीहरूलाई वित्तीय संस्था तथा सहकारी संस्थाबाट विनाधितो सहुलियत ब्याजदरमा आवधिक कर्जा उपलब्ध गराउने उद्देश्यले उत्पादनशील श्रमको अधिकतम उपयोग तथा उद्यमशीलताको विकास गर्दै परम्परागत उत्पादन प्रणालीमा परिवर्तन एवम् आधुनिक प्रविधिको उपयोग गरी स्थानीय स्रोत साधनमा आधारित उत्पादनमा वृद्धि गर्न २०६५ सालमा युवा स्वरोजगार कोषको स्थापना भएको हो ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको (सञ्चालन) नियमावली, २०७७ अनुसार कोषको प्रयोग देहाय बमोजिमका कार्यमा हुने उल्लेख छ :–

क) स्वरोजगार बन्न चाहने लक्षित समुदायका युवा तथा साना व्यवसायीलाई श्रम, सीप र उत्पादनमूलक कार्यमा लगाई स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्दै रोजगारीका अवसर सिर्जना गरी सामाजिक, सांस्कृतिक, आर्थिक रूपान्तरण र विकास कार्यमा परिचालन गर्ने ।

ख) लक्षित समुदायमा परम्परागत पेसा र सीप विकास तथा व्यवसाय प्रवर्द्धनका लागि सहुलियत दरमा ऋण लगानी गर्ने,

ग) स्थानीय सीप र कच्चा पदार्थमा आधारित तथा स्थानीय स्तरमा उत्पादन हुने वस्तुको व्यावसायीकरणमा योगदान पुग्ने कार्यक्रम सञ्चालन गर्ने,

नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसायी स्वरोजगार कोष

घ) नेपाल सरकारले पहिचान गरेको गरिब परिवारलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने,

ङ) रोजगार प्रवर्द्धन गर्ने व्यवसाय, सामूहिक कृषि तथा पशुपालन लगायतका निर्यातमूलक वा आयात प्रतिस्थापन गर्ने उत्पादनशील व्यवसायमा लगानी गर्ने,

च) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले सञ्चालन गर्ने साना व्यवसायका लागि ऋण लगानी गर्ने ।

३. कोषका कर्मचारी सङ्ख्या र कार्यविवरण :

हाल कोषमा कार्यरत कर्मचारीहरूको दरबन्दीको अवस्था

क्र. सं.	स्वीकृत दरबन्दीअनुसारको पद	स्थायी/करार	कर्मचारी सङ्ख्या	कैफियत
१	कार्यकारी निर्देशक	सह-सचिव (स्थाई)	१	नेपाल सरकारले थप जिम्मेवार तोकेको
२	शाखा प्रमुख - अधिकृत द्वितीय	करार	५	लेखा शाखा प्रमुख म.ले.नि.का. बाट स्थाई
३	असुली विशेषज्ञ - अधिकृत द्वितीय	करार	२	
४	शाखा प्रमुख - अधिकृत तृतीय	करार	३	बीमा शाखा, तालिम शाखा, वित्त शाखा र अनुगमन शाखा
५	शाखा अधिकृत - अधिकृत तृतीय	करार	११	
६	सहायक प्रथम, कम्पयुटर अपरेटर	करार	१५	
७	सहायक द्वितीय	करार	३	
८	कार्यालय सहयोगी, सवारी चालक	करार	८	
जम्मा			४८	

स्थानीय समन्वय तथा अनुगमन समिति

१. कोषद्वारा सञ्चालित कार्यक्रमको समन्वय तथा अनुगमनका लागि हरेक स्थानीय तहमा पाँच सदस्यीय स्थानीय समन्वय तथा अनुगमन समिति रहनेछ:

(क) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत – अध्यक्ष

(ख) उद्यमशीलतामा क्रियाशील युवामध्ये सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले तोकेको कम्तीमा एक जना महिला र दलितसहित तीन जना – सदस्य

(ग) स्वरोजगार सहजकर्ता – सदस्य सचिव

कर्जा असुली उप-समिति :

(१)कोषले कर्जाग्राही र संस्थाहरूलाई गरेको कर्जा प्रभावकारी रूपले असुली गर्न प्रत्येक जिल्लामा देहायबमोजिमको पाँच सदस्यीय कर्जा असुली उपसमिति गठन गर्नेछ ।

(क) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी – संयोजक

(ख) जिल्ला समन्वय अधिकारी – सदस्य

(ग) जिल्लामा युवा उद्यमीहरूमध्येबाट दुई जना सदस्य

(घ) कोषको सम्बन्धित जिल्लाको कर्जा असुली सहजकर्ता – सदस्य-सचिव

(हरेक जिल्लाहरुमा एक-एक जना कर्जा असूली सहजकर्ता रहने व्यवस्था रहेको)

नेपाल सरकार युवा, श्रम तथा रोजगार मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

शाखाहरूको कार्यविवरण

क) प्रशासन शाखा

- कोषको सबै शाखासँग समन्वय गरी कोषमा आवश्यक पर्ने पानी, बत्ती, टेलिफोन, स्टेशनरी, कम्प्युटर तथा अन्य शाखाले माग गरेको विवरणहरू तुरुन्त उपलब्ध गराउन शाखाका अन्य कर्मचारीहरूलाई तोक्ने कर्मचारीहरूको तलब भत्ता, हाजिर, बिदा, कर्मचारीहरूका व्यक्तिगत फाइल आदिको व्यवस्था मिलाई कोषको सम्पत्तिको विवरण चुस्त दुरुस्त राख्ने दायित्व शाखाको हुनेछ ।
- कर्मचारी तथा कार्यालय प्रशासनसम्बन्धी सम्पूर्ण कार्य गर्ने र सम्पर्क, समन्वय र परिचालनसम्बन्धी कार्य गर्ने ।
- कर्मचारीहरूको बिदा, सिफारिस तथा स्वीकृत गर्ने ।
- कोषको स्वीकृत कार्यक्रमअनुसार खरिद योजना बनाई नियमानुसारको प्रक्रिया पुऱ्याई खरिद गर्ने ।
- अत्यावश्यक काममा कुनै पनि कर्मचारी कार्यालय बाहिर जाँदा सम्बन्धित शाखाको सिफारिसमा कर्मचारी लगबुक स्वीकृत गर्ने ।
- कर्मचारी तलब भत्ताका लागि हाजिर प्रमाणित गरी पेश गर्ने ।
- शाखाको काम कार्बाही गर्दा आवश्यक टिप्पणी पेश गर्ने ।
- माग फारामहरू सिफारिस गर्ने तथा भण्डारणमा रहेका स्टेशनरी समानहरू स्वीकृत गर्ने ।
- कर्मचारीहरूको अनुगमन, निरीक्षण, हाजिरी चेकजाँच, कार्यकारी निर्देशकलाई जानकारी दिई छड्के आदि गर्ने र तदनुरूप पुरस्कार वा कार्बाहीको सिफारिस गर्ने ।
- प्रशासन शाखाबाट तयार गर्ने पत्रहरूमा दस्तखत गर्ने, सिफारिस गर्ने ।
- सवारी साधानको व्यवस्थापन'गरी तथा रेकर्ड राख्ने ।
- सुरक्षा गार्डको कामको मूल्याङ्कन गर्दै कोषको कामको आधारमा जबाफदेही बनाउने ।
- खर्चको बिल भरपाई चेकजाँच गर्ने, भुक्तानीका लागि सिफारिस गर्ने ।
- सानो नगदी कोषको सञ्चालन गर्ने, जिम्मेवारी तोक्ने ।
- समग्रमा मानवीय संशाधन व्यवस्थापकको भूमिका निर्वाह गर्ने ।
- सञ्चालक समितिको बैठक, उपाध्यक्ष तथा कार्यकारी निर्देशकको संयोजकत्वमा बस्ने बैठकका लागि आवश्यक पत्राचार आदिमा सक्रियतापूर्वक कार्य गर्ने ।
- आफ्नो शाखाअन्तर्गत रहेका कर्मचारीहरूलाई TOR दिई काममा लगाउने र कार्य सम्पादन मूल्याङ्न सिफारिस गर्ने ।
- भण्डारणको व्यवस्था, सोधपूछ कक्ष, सवारीचालक र कार्यालयसहयोगीलाई आवश्यकताअनुसार काममा खटाउने र कार्यकारी निर्देशकलाई जानकारी गराउने ।

ख) लेखा शाखा

- कार्यालय सञ्चालन बजेट सञ्चालन गर्ने, लेखा राख्ने ।
- बेरुजू सिर्जना हुनबाट रोक्ने, बेरुजू फछ्यौंट गर्ने ।
- कर्मचारी, सहजकर्ताहरूलाई पेश्की दिने, फछ्यौंट गराउने, तलब खुवाउने ।
- लेखा व्यवस्थापनलाई प्रविधिमैत्री बनाउने ।
- समय समयमा परिवर्तन हुने ऐन कानुन नियमसम्बन्धी व्यवस्थापनलाई सुझाव, सल्लाह दिने ।
- विभिन्न जिल्लाहरुमा रहेको कर्जा असूली उप समितिको लेखा व्यवस्थित गर्ने ।
- कोषको नगद तथा जिन्सीको उचित संरक्षण गर्ने, आवश्यक लेखा, स्टोर व्यवस्थित राख्ने ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसायी
स्वरोजगार कोष

- आफ्नो क्षेत्रअन्तर्गतका कोषबाट कर्जा लाने बैंक, वित्तीय तथा सहकारी संस्थाको अनुगमन, निरीक्षण गरी कर्जा असुली गर्ने र दुरूपयोग गर्ने संस्था तथा व्यक्तिलाई कार्बाही गर्ने ।

ग) कार्यक्रम शाखा

- कोषको वार्षिक बजेट तयार गर्ने, बजेटको बारेमा व्यवस्थापन र मन्त्रालयसँग समन्वय गर्ने ।
- आर्थिक वर्ष समाप्त भएपछि कोषको वार्षिक प्रतिवेदन तयार गर्ने ।
- ऋण लगानीको लागि प्रस्ताव आह्वान गर्ने, आवश्यकताअनुसार अन्य निकायहरुसंग समन्वय गर्ने ।
- प्राप्त प्रस्तावहरूको आवश्यक अध्ययन, विश्लेषण गरी व्यवस्थापन समक्ष पेश गर्ने ।
- प्रस्ताव स्वीकृत भएका फाइलहरू व्यवस्थित र सुरक्षित गर्ने ।
- अन्य शाखासँग समन्वय गरी मासिक रूपमा Cumulative प्रगति प्रतिवेदन तयार गर्ने ।
- बजेट रकमान्तर गर्न लेखा शाखासँग समन्वय गर्ने ।
- लगानीसम्बन्धी फारामहरू, मापदण्डहरू तयारी, परिमार्जन एवम् पुनरावलोकन गर्ने ।

घ) अनुगमन शाखा

- कोषको वाषिक अनुगमन कार्ययोजना तयार गर्ने ।
- वित्तिय संस्था तथा सहकारी संस्थाहरुको लगानी अघिको स्थलगत अनुगमन गरी संस्थाको सक्षमताका आधारमा कर्जा सिफारिस गर्ने ।
- वित्तिय संस्था तथा सहकारी संस्थाहरुको लगानी पश्चातको स्थलगत अनुगमनगरि थप किस्ता सिफारिस गर्ने ।
- कोषबाट कर्जा लगानी भएका वित्तिय संस्था तथा सहकारी संस्थाहरुको गैर स्थलगत अनुगमन कार्य गर्ने ।
- कोषको लक्ष्य, उद्देश्यअनुरूप कर्जा लगानी पूर्व तथा लगानी गरिसकेपछि कर्जा सदुपयोगिताको बारेमा सुपरीवेक्षण गर्ने ।
- लक्षित वर्गमा लगानी भएको कर्जा सदुपयोग भए नभएको पहिचान गर्ने तथा अनुगमनको क्रममा व्यवस्थापनलाई आवश्यक पृष्ठपोषण (feedback) दिने ।
- कर्जा दुरूपयोग गर्ने संस्थालाई आवश्यक कानुनी कार्बाही गर्न कोषमा सिफारिस गर्ने ।
- कोषको कार्यप्रकृतिसंग सम्बन्धित सरोकारवाला निकायहरु समन्वय तथा सहकार्य गर्ने ।
- कोषको जिल्ला स्थित कर्जा असूली सहजकर्ताहरुलाई समन्वय गरी आवश्यकता अनुसार परिचालन गर्ने ।
- अनुगमन शाखाको वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने ।
- कार्यालयले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

ङ) वित्त व्यवस्थापन शाखा

- कोषमा विभिन्न बैक तथा वित्तीय संस्थाबाट प्राप्त विपन्न वर्ग कर्जाको विवरण अद्यावधिक गर्ने/गराउने ।
- लेखा परीक्षणका लागि वित्तीय विवरण तयार गरी लेखा परीक्षण गराउने ।
- कोषका विभिन्न बैकहरूको खातामा रहेको रकमको मौज्दात तथा ब्याज यकिन गरी सोको आम्दानी विवरण बनाई प्रत्येक १५ दिनमा प्रगति विवरण पेश गर्ने ।
- कोषका खाताहरू यकिन गरी राख्ने ।
- कोषले लगानी गरेका सम्पूर्ण खाताहरूको लगानी, असुली प्रष्ट देखिने गरी प्रादेशिक रूपमा लगानी तथा असुली विवरण तयार गर्ने ।

नेपाल सरकार युवा, श्रम तथा रोजगार मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

- समयमा किस्ता नबुझाउने बैक तथा वित्तीय संस्था र सहकारी संस्थाहरूलाई तरताकेता गरी समयमा नै असुलउपर गराउने ।
- आम्दानी, खर्च, मौज्दातको प्रत्येक चौमासिक विवरण तयार गर्ने ।
- प्रत्येक बैकहरूको Reconcilation विवरण तयार गरी हिसाब चुस्त दुरुस्त राख्ने ।
- असुली तालिका तयार गरी प्रत्येक बैक, वित्तीय संस्था तथा सहकारी संस्थालाई उपलब्ध गराउने, सोहीअनुसार असुली गर्ने व्यवस्थाका लागि असुली शाखासँग समन्वय गर्ने ।
- कोषमा रहेको फण्डको अधिकतम सदुपयोग हुने गरी रकम परिचालनको कार्य योजना बनाई व्यवस्थापनसमक्ष पेश गर्ने ।
- वित्तीय व्यवस्थापन कार्य समयानुसार प्रविधिमैत्री बनाउन व्यवस्थापनलाई सहयोग गर्ने ।
- कोषका आवधिक वित्तीय विवरण (वार्षिक, चौमासिक, मासिक) तयार गर्ने ।
- वित्त शाखामा आवश्यक पर्ने सफ्टवेयरसम्बन्धी सुझाव तयार गर्ने । सञ्चालनमा रहेको सफ्टवेयरको स्तरोन्नति गर्न सुझाव दिने ।
- कोषलाई आइपर्ने तहलगायतका क्षेत्रमा परामर्श दिने ।
- साझेदार संस्थासँग सम्पन्न गरिने वित्तीय सम्झौताका बारेमा सुझाव दिने ।
- वित्तसम्बन्धी भौतिक फाइलहरू व्यवस्थित गर्ने ।
- कोषको कारोवारलाई पूर्ण रूपमा कम्प्युटराइज गर्ने, कारोवारलाई सफ्टवेयरमा पोष्टिङ्ग गर्ने ।
- भाखा नाघेको ऋण यकिन गर्ने ।
- लगानी रकमको साँवा, ब्याज भाका ननाघ्दै असुलीको लागि ताकेता गर्ने ।
- वित्त शाखाबाट गर्नुपर्ने अन्य कार्यहरू गर्ने ।

च) कानुन शाखा

- कोषलाई आईपर्ने सम्पूर्ण कानुनी समस्याको समाधान गर्ने, गराउने ।
- कोषको विरुद्धमा पर्ने मुद्दा, मामिला, निवेदन, पुनरावेदन, रिट निवेदनमा कोषका तर्फबाट सम्बन्धित अड्डा अदालतमा लिखित जबाफ, प्रतिउत्तर फिराउने र कोषको तर्फबाट निवेदन, पुनरावेदन र रिट निवेदन तयार गर्ने ।
- कोषसँग सरोकार राख्ने जुनसुकै मुद्दा, मामिलाहरूमा कोषको तर्फबाट जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत एवम् नेपाल राज्यभरि जुनसुकै अड्डाअदालतमा उपस्थित भई बहस पैरवी गर्ने र प्रतिवादन गर्ने ।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय सूचना आयोग, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय तथा विभिन्न एवम् अन्य निकाय तथा व्यक्तिबाट प्राप्त चिठीपत्र र उजुरीको सम्बन्धमा अध्ययन गरी सोको लिखित जबाफ फिराउने ।
- कोषको कानुन शाखाका अतिरिक्त विशेष कामहरूमा जस्तो कोषको कर्जा लगानी भएका बैक, वित्तीय संस्था र सहकारी संस्थाहरूमा लगानी भएको रकम दुरूपयोग भएमा त्यस्तो दुरूपयोग भएको रकमको सदुपयोगिताको लागि जिल्लामा गई रकम असुलाउपर गराउने, कानुनी कारवाही चलाउने ।
- कोषको लगानीको बेलाबेलामा विभिन्न जिल्लामा गई अनुगमन निरीक्षण गर्ने ।
- कोषको दैनिक प्रशासकीय कार्यमा कानुनी राय, सल्लाह प्रदान गर्ने ।
- कानुन शाखाले गरेका कामहरूको अभिलेख राख्ने ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसायी
स्वरोजगार कोष

- कोषको शाखाहरू, जिल्लास्थितका कर्जा असुली उप समिति, जि.प्र.का. एवम् अन्य निकायमा आवश्यकता अनुसार समन्वय गर्ने ।
- कोषको आर्थिक विनियमावली, विभिन्न निर्देशिकाको मस्यौदा र कार्यविधिको मस्यौदा तयार गर्ने ।
- सम्बन्धित ऋणीको अचल सम्पत्ति रोक्का, फुकुवा, लिलाम तथा लिलाम सकार्नेसम्बन्धी कार्यविधि तयार गर्ने ।
- ऋण लगानी असुलीसम्बन्धी अन्य ऐन, कानुनको अध्ययन गरी कोषमा भएका ऐन कानुनको परिमार्जन गर्ने ।

छ) असुली शाखा

- कोषबाट लगानी भएका सबै कर्जाग्राहीहरू बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई समयमै किस्ता र ब्याज बुझाउन फोन सम्पर्क, पत्राचार गर्ने, स्थलगत ताकेताका लागि कार्ययोजना बनाई असुली टोली खटाउने । आवश्यक देखिएमा कर्जाग्राहीको स्थलगत ताकेतामा जाने । असुली हुन गाह्रो भएको स्थानमा कुन 'रणनीति' अवलम्बन गर्नु पर्दछ, व्यवस्थापनसमक्ष राय पेश गर्ने ।
- कर्जाग्राहीलाई साँवा ब्याज समयमा नै बुझाउन ताकेता गर्ने, सम्पर्क निरन्तर कायम गर्ने ।
- भाखा नाघेको ऋण न्यूनीकरण गर्दै जाने ।
- अग्रिम किस्ताको जानकारी तथा ताकेतासम्बन्धी पत्राचार गर्ने/गर्न लगाउने ।
- असुलीसम्बन्धी विशेष कार्वाही गर्नुपर्ने भएमा, असुली फाँट (शाखा) को छलफल र सिफारिसमा 'कानुन' शाखामा पत्राचार गर्ने ।
- सम्बन्धित ऋणीको धितो मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने ।
- लगानी, असुली, ब्याजदर, जरिवानालगायतका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यतासमेत अध्ययन गरी कोषको लगानी असुली प्रक्रियालाई व्यवस्थित गराउने ।
- कार्यकारी उपाध्यक्षज्यू तथा कार्यकारी निर्देशकज्यूले लगाएको/अह्राएको कोषको सम्पूर्ण कार्यहरू सम्पादन गर्ने ।

ज) बीमा शाखा

- यस कोषबाट सम्झौता भई कर्जा लगानी भएका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूबाट सञ्चालित कोषको कर्जा कार्यक्रममा सहभागी व्यवसायी र निजले सञ्चालन गर्ने व्यवसाय/सम्पत्तिको समयमै बीमा गर्न आवश्यक व्यवस्था मिलाउने ।
- कर्जा प्रवाह भएको रकमका साथै कर्जा लिने व्यक्तिको समयमा बीमा भए नभएको यकिन गरी आवश्यक रेकर्ड अद्यावधिक राख्ने व्यवस्था मिलाउने ।
- बीमा दाबीसम्बन्धी परेका दाबीहरूको सम्बन्धित बीमा कम्पनीसँग समन्वय गरी समयमै क्षतिपूर्ति दिलाउन कारवाही गर्ने, दावी रेकर्ड राख्ने व्यवस्था गर्ने गराउने ।
- बीमासम्बन्धी आवश्यक अनुशिक्षण पुस्तिका तयार गरी लक्षित वर्ग/स्वयंसेवक तथा कोषको अन्य शाखा, सहकारीहरूलाई युवा स्वरोजगार बीमालेखबारे अभिमुखीकरण, अनुशिक्षण तालिम/अन्तरक्रिया कार्यक्रम बनाई कोषबाट स्वीकृत गराई सञ्चालन गर्ने/गराउने ।
- विभिन्न जिल्लास्थित कोषका कर्जा असुली उपसमितिसँग सम्पर्क राखी बीमा दावी सम्बन्धमा केकसो कार्य भएको छ भन्ने जानकारी लिने र आवश्यकताअनुसार निर्देशन/परिपत्र गर्ने ।
- बीमासम्बन्धी आएका नीतिगत तथा कार्यगत समस्याहरूको पहिचान गरी समाधानको उपायहरू उल्लेख गरी व्यवस्थापनलाई बुझाउने ।
- बीमालेखको सकल प्रति सम्बन्धित बिमित बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई उपलब्ध भए नभएको यकिन गर्ने र उपलब्ध गराउनेतर्फ पहल गर्ने । अनलाइन बीमा फारम भर्ने व्यवस्था मिलाउने ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसायी
स्वरोजगार कोष

- बीमा दावी फछ्र्यौट भएकाहरूको दावी भुक्तानी तथा कर्जा हिसाब फरफारकको रेकर्ड अद्यावधिक राख्ने व्यवस्था गर्ने ।
- झुट्ठा तथा गलत दावी गर्ने व्यक्ति/संस्थाहरूलाई आवश्यक कारवाही गर्न सिफारिस गर्ने ।
- बीमासम्बन्धी काम व्यवस्थित गर्न अन्य शाखासँग समन्वय गर्ने ।
- कोषका कर्मचारी तथा सहजकर्ताहरूको बीमाको व्यवस्था, बीमा दाबीका लागि आवश्यक कार्य गर्ने ।

झ) सूचना प्रविधि शाखा

- कोषलाई आवश्यक पर्ने सफ्टवयर तथा सर्भरहरुको प्राविधिक विवरण तयार गर्ने ।
- आवश्यकता अनुसार वेवसाइट Update तथा Upgrade गर्ने ।
- E- bulletin प्रकाशन गर्ने ।
- कोषको कम्प्युटर, ल्यापटप, टेलिफोन, इमेल, इन्टरनेट चूस्त दुरुस्त राख्ने ।
- कोषको कम्प्युटर तथा टेलिफोन नेटवर्किङ गर्ने ।
- कोषमा मर्मत सम्भार गर्नुपर्ने इलेक्ट्रोनिक सामानहरुको सिफारिश गरी प्रशासन शाखामा पेश गर्ने।
- बायोमेट्रिक हाजिरी मेसिनको व्यवस्थापन गर्ने र कम्प्युटर इन्ट्री गर्ने ।
- कोषको इमेल, ईन्टरनेट सेवा चुस्त दुरुस्त राख्ने ।
- IT संग सम्वन्धित सम्पूर्ण कार्य गर्ने ।
- शाखाको मासिक, त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गर्न सहयोग गर्ने ।
- शाखाको वार्षिक कार्ययोजना बनाउने ।

ञ) अनुसन्धान, कार्यक्रम प्रवर्द्धन शाखा

- कोषको अनुसन्धान, प्रकाशन, गोष्ठी अन्तरक्रिया तथा प्रवर्धन सम्बन्धी कार्य गर्ने ।
- कोषको आवश्यकता अनुसार अनुसन्धान सम्वन्धी कार्य गर्ने ।
- कोषको कार्यक्रम प्रवर्द्धनको लागि के कार्य गर्ने पहिचान गर्ने र कार्यान्वयन गर्ने ।
- कोषले विगतमा गरेको अनुसन्धान प्रतिवेदनहरु अध्ययन गरी निर्देशानुसार प्रकाशन गर्ने ।
- कोषको बुलेटिन लगायत अन्य प्रकाशन सम्वन्धी कार्य गर्ने ।
- कोषले विगतमा गरेका अनुसन्धान प्रतिवेदनहरु अध्ययन गरी निर्देशानुसार प्रकाशन गर्ने ।
- कर्जा व्यवस्थापन शुल्क, व्याज अनुदान सम्वन्धी भुक्तानीको व्यवस्था मिलाउने ।
- कोषबाट निकासा भएका व्याज अनुदान तथा कर्जा व्यवस्थापन शुल्क वापतको रकम लगायतका विवरणहरुको अभिलेख राख्ने, राख्न लगाउने ।
- कोषले निर्धारण गरेका विविध विषयमा अनुसन्धान गर्ने, गर्न सहयोग गर्ने ।
- आफु माताहतका कर्मचारीहरुको कार्यसम्पादन मुल्याङकन गर्ने ।
- शाखाको मासिक, त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी कार्यकारी व्यवस्थापन समक्ष पेश गर्ने ।
- शाखाको वार्षिक कार्ययोजना बनाउने ।

ट) तालिम शाखा

- तालिमको आवश्यकता पहिचान, सम्भावना, तालिमसम्बन्धी वार्षिक कार्ययोजना, बजेट तर्जुमा र कार्यान्वयन कार्ययोजना गर्ने ।

नेपाल सरकार युवा, श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसायी स्वरोजगार कोष

- कोष अर्न्तगत सञ्चालन हुने विभिन्न प्रकारका तालिमहरु (अनुशिक्षण, अभिमुखीकरण, सीपमुलक, क्षमता अभिवृद्धि तालिम र कर्मचारी क्षमता अभिवृद्धि तालिम आदि) सञ्चालन गर्ने ।
- कोष अन्तर्गत प्रदेश र स्थानीय तहमा सञ्चालन हुने विभिन्न प्रकारका तालिमहरु सम्पन्न गर्न योजना तर्जुमा तथा समन्वय गर्ने र कार्यान्वयन गर्ने/गराउने ।
- कोषले तोकेअनुसार बैंक/वित्तीय/सहकारी संस्थाहरु र अन्य संघ/संस्थाहरुबाट तालिम माग भई आएमा सिफारिस स्वीकृत भएका तालिमहरु सञ्चालन गर्न समन्वय, सहकार्य वा अनुगमन गर्ने ।
- कोषले तालिम सञ्चालन गर्न आवश्यकता अनुसार अन्य संघ/संस्थाहरुसँग समन्वय गर्ने/गराउने ।

४. कोषबाट प्रदान गरिने सेवाहरू :

नियमित स्वरोजगार कर्जा लगानी कार्यक्रम

आर्थिक रूपले विपन्न महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, मुस्लिम समुदाय, अपाङ्गता भएका, द्वन्द्वपीडित तथा पिछडिएको क्षेत्रका १८ वर्ष पूरा भई ६० वर्ष ननाघेका बेरोजगार व्यक्ति वा समुदायलाई निम्न व्यवसायहरूमा कर्जा लगानी गर्न सक्नेछ ।

- व्यावसायिक खेती तथा पशुपक्षी पालन, कृषि तथा वनजन्य उद्योग, घरेलु तथा साना उद्योग तथा अन्य व्यापार व्यवसाय,
- शहर र बजार क्षेत्रमा रिक्सा, ठेलागाडा सेवा सञ्चालन लगायतका सेवामूलक स्वरोजगार व्यवसाय,
- परम्परागत सीपसँग सम्बन्धित व्यवसाय,
- घर वास (Home Stay) सम्बन्धी व्यवसाय,
- स्थानीय कच्चा पदार्थ प्रयोग गरी सञ्चालन गरिने व्यवसाय,
- नव प्रवद्धर्न तथा सूचना प्रविधि सम्बन्धि व्यवासय,

साझेदारीमा आधारित कार्यक्रम

स्थानीय स्रोत साधनको समूचित प्रयोग हुने गरी मुलुकमा उपलब्ध जनशक्तिद्धारा स्वरोजगारमूलक व्यवसायिक परियोजना सञ्चालन गर्नका लागि प्रदेश र स्थानीय तह (नगरपालिका, गाउँपालिका) र समान उद्धेश्य बोकेका स्वरोजगार तथा रोजगारसँग जोडिएका संघ संस्थाहरुसँग सहकार्यमा आधारित साझेदारी कर्जा लगानी कार्यक्रम मार्फत सुलभ व्यवसायिक कर्जा उपलब्ध गराई उद्यमशीलताको विकासमार्फत मुलुकभित्र स्वरोजगारका अवसरहरु सिर्जना गर्न कोषले सहकार्यमा आधारित साझेदारी कार्यक्रम सञ्चालनमा ल्याएको छ । कोषले स्वरोजगार तथा रोजगार सिर्जना गर्नका लागि प्रदेश र स्थानीय तह (प्रदेश सरकार, नगरपालिका, गाउँपालिका) सँग सहकार्य गरी दुवै निकायबाट ५०/५० प्रतिशतका आधारमा रकम जम्मा गरी एक छुट्टै कोष खडा गर्दछ र सम्बन्धित प्रदेश र स्थानिय तहका स्वरोजगार तथा रोजगार सिर्जना गर्न वित्तिय संस्था तथा सहकारी संस्थामार्फत कर्जा लगानी गरिने कार्यक्रम रहेको छ ।

व्याज अनुदान

कोषले बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई वार्षिक ५.५ प्रतिशत ब्याजदरमा थोक कर्जा प्रदान गर्दछ र बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूले बेरोजगार युवाहरूलाई वार्षिक ८ प्रतिशत ब्याजदरमा नबढ्ने गरी कर्जा लगानी गर्नेछन् । संस्था र कर्जाग्राही बीच भएको सम्झौताअनुसार कर्जाग्राहीले किस्ता चुक्ता गरेपछि

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसायी
स्वरोजगार कोष

बुझाएको ब्याजको साठी (६०)' प्रतिशतले हुन आउने रकम कोषलेसम्बन्धित ऋणीलाई अनुदान स्वरूप फिर्ता दिइनेछ।

व्यवसायी तथा व्यवसाय बीमा

स्वरोजगार कर्जा लिई सञ्चालन गरेको व्यवसाय र व्यावसायिको बीमा हुनेछ। बीमाको प्रिमियम नेपाल सरकारले भुक्तानी गरिदिने छ। बीमा गर्नका लागि बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाले राष्ट्रिय बीमा कं. लि.मा प्रस्ताव पठाई पोलिसी लिनुपर्ने छ। ऋणको भाखा अवधिभित्र ऋणीको मृत्यु भएमा वा स्थायी रूपमा अपाङ्ग भएमा र भवितव्य परी परियोजनाको नोक्सान भएमा परियोजनाको बीमाअनुसारको रकम बीमा कम्पनीले क्षतिपूर्ति दिनेछ। बीमा दावी गर्नका लागि घटना घटेपछि नियमानुसारका दिनभित्र जिल्लास्थितको समितिबाट सिफारिस गराई सम्बन्धित सहकारी संस्थाले बीमा कम्पनीमा आवश्यक कागजातहरू पेश गर्नु पर्नेछ।

कर्जा व्यवस्थापन शुल्क

कोषको सहुलियतपुर्ण कर्जा लिइएका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूले युवाहरूलाई कर्जा प्रदान गरी कर्जा नियमित भएको एक वर्षपछि कोषले प्रति युवा लगानीमा रु.५००। (अक्षरेपी पाँच सय मात्र) कर्जा व्यवस्थापन शुल्कवापत सहकारी संस्थालाई उपलब्ध गराउने छ। संस्थाले ऋणीहरूसँग कुनै प्रकारको अन्य शुल्कहरू लिन नपाइने व्यवस्था छ।

तालिम

- परम्परागत सीप भएका व्यक्तिले गर्ने व्यवसायको लागि तालिमकाप्रमाण-पत्र आवश्यक पर्ने छैन। ऋण दिने बैंक, वित्तीय संस्था तथासहकारी संस्थाले ऋण लगानी गर्दा सम्बन्धित ऋणीले व्यवसाय गर्नसक्ने वा नसक्ने यकिन गरी ऋण प्रदान गर्नेछ।
- संस्थासँग कर्जा सम्झौता पूर्व कोषले संस्थाको अध्यक्ष र व्यवस्थापकलाई अनुशिक्षण तालिम प्रदान गर्नेछ।
- संस्थाले ऋण लगानी गर्नु पूर्व सम्भावित ऋणीलाई ऋण सदुपयोग सम्बन्धी कोषले अभिमुखीकरण तालिम उपलब्ध गराउने छ।
- व्यवसायीहरुले व्यवसाय सञ्चालनको लागि ऋण लिनु अगावै र पछि पनि कोषको तर्फबाट सीपमूलक तालिम निशुल्क प्राप्त गर्न सक्नेछन्।

स्वरोजगार कर्जा लगानी प्रक्रिया

- कोषको थोक कर्जा प्रवाह गर्न कोषले प्रकाशित गरेको सूचनाबमोजिम सहकारी संस्थाहरूले प्रस्ताव पेश गर्ने।
- सहकारी संथालाई पहिलो चरणमा बढीमा एक करोड रूपियाँसम्म कर्जा लगानी गर्न सकिने छ।
- सहकारी र कोषबीच सम्झौता भएको रकमलाई पहिलो किस्तामा ५०% र दोस्रो किस्तामा ५०% गरी जम्मा दुई किस्तामा उपलब्ध गराइनेछ।
- कोषसँग थोक कर्जा लिएको सहकारी संस्थामा बेरोजगार शेयर सदस्यले आफूले गर्न खोजेको व्यवसायको योजनासहित निवेदन दिन सक्नेछ।
- व्यावसायिक योजनाअनुसार सहकारीले व्यक्तिलाई बढीमा रु. ५ लाखसम्म रकम उपलब्ध गराउन सक्नेछ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसायी
स्वरोजगार कोष

- समूहगत लगानी गर्नका लागि सहकारीका शेयर सदस्यहरूको बढीमा २५ जनाको समूहमा प्रतिव्यक्ति रु. पाँच लाखभन्दा नबढ्ने गरी सहकारीले सामूहिक रु. ५० लाखसम्म लगानी गर्न सक्नेछ ।
- कोषसँग साझेदारी गरिरहेका बैंक तथा वित्तीय संस्थाहरूमा बेरोजगार युवाहरूले सोझै स्वरोजगार कर्जा माग्न सक्नेछन् ।
- सहकारी संस्थाहरूको केन्द्रीय निकाय एवम् राष्ट्रिय सहकारी बैंकले समेत प्रारम्भिक सहकारी संस्थालाई थोक रूपमा स्वरोजगार कर्जा प्रदान गर्ने गर्दछ ।
- सहकारी संस्था तथा बैंक, वित्तीय संस्थाले बेरोजगार युवालाई बढीमा ८ प्रतिशत तोकिएको मात्र ब्याज लिन पाउने छन् ।

कर्जाका लागि आशय पत्र, संस्थाले प्रस्ताव पेश गर्ने प्रक्रिया, कर्जा प्रस्ताव छनौट र स्वीकृत कर्जा लिनका लागि व्यक्ति वा समूह छनोट गर्ने प्रक्रिया :

व्यक्तिले कर्जा माग गर्ने पक्रिया :

- व्यक्तिगत वा सामूहिक स्वरोजगार कर्जा लिनका लागि आशयपत्र कोषको Website (www.ysef.gov.np) मा Log In गरी online भर्नु पर्नेछ ।
- उपदफा (१) बमोजिम Online भर्न सम्भव नभएमा कोषको website बाट download गरी वा कोषले उपलब्ध गराएको आशयपत्र पूर्ण रूपमा भरी स्थानीय तहमा रहेको स्थानीय समन्वय तथा अनुगमन समिति/सम्पर्क कार्यालयमा बुझाउनु पर्नेछ ।
- निश्चित क्षेत्र, भूगोलमा स्वरोजगार कर्जा कार्यक्रमहरूका सन्दर्भमा व्यक्तिगत वा सामूहिक स्वरोजगार कर्जा लिनका लागि आशयपत्र भरी कोषले तोकेको स्थान वा सम्पर्क कार्यालयमा बुझाउन सकिनेछ ।
- कोषको उद्देश्यअनुसार स्थानीय तह/वार्डबाट सिफारिस पत्रसहित प्राप्त भएका आशयपत्रहरू अध्ययन विश्लेषण गरी कार्यक्रम शाखाले कार्यकारी निर्देशकसमक्ष पेश गर्नेछ ।
- कोषका कार्यकारी निर्देशकले स्वीकृतिका लागि कार्यकारी उपाध्यक्षसमक्ष सिफारिस गर्नुपर्नेछ र यसरी सिफारिस गरिएका ऋणीहरूलाई कोषका कार्यकारी उपाध्यक्षबाट कर्जा स्वीकृत गरिनेछ ।
- आशयपत्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार कोषसँग सुरक्षित रहनेछ ।
- स्वीकृत आशयपत्रअनुसारका व्यक्तिहरूलाई कोषले स्वीकृत गरिएका संस्थाहरूमार्फत कर्जा लगानी गरिनेछ ।

संस्थाले प्रस्ताव पेश गर्ने प्रक्रिया :

(१) कोषले कर्जा लगानीका लागि समयसमयमा सञ्चार माध्यम (रेडियो, टि.भी., एफ.एम., राष्ट्रिय तथा स्थानीय पत्रपत्रिका, कोषको वेवसाइट आदि) बाट संस्थालाई प्रस्ताव पेश गर्न सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) थोक कर्जा प्रस्ताव पेश गर्ने सहकारी संस्थाहरू तथा कोषसँग पुनः कर्जा कारोवार गर्न चाहने सहकारी संस्थाहरूले पुरा गर्नुपर्ने मापदण्डहरू देहाय बमोजिम हुनेछन्:-

(क) संस्थाको कार्यक्षेत्र, शेयर पूँजी, सदस्य सङ्ख्या, सञ्चालन अवधि र वित्तीय अवस्था कोष सचिवालयले तोकेबमोजिम हुनेछ ।

(ख) पछिल्लो आ. व. मा भाखा नाघेको ऋण कुल ऋण लगानीको ५ प्रतिशतभन्दा बढी नभएको हुनुपर्नेछ ।

(ग) पछिल्लो आ.व. को आषाढ मसान्तसम्मको लेखापरीक्षण सम्पन्न भई संस्था सञ्चित नोक्सानीमा नरहेको हुनुपर्नेछ ।

(३) सहकारी संस्थाले देहायका कागजातहरू प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(क) लेखा परीक्षण प्रतिवेदन प्रतिलिपि पेश गर्नुपर्नेछ ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसायी
स्वरोजगार कोष

(ख) कोषले तोके बमोजिमको कर्जा प्रस्तावको फाराम पूर्ण रूपमा भरी प्रत्येक पानामा हस्ताक्षर गरी संस्थाको छाप लगाएको हुनुपर्नेछ ।

(ग) सम्बन्धित स्थानीय तहबाट सहकारी ऐन, नियम एवम् मापदण्डअनुरूप नियमित रूपमा सञ्चालन भएको सिफारिस पत्र हुनुपर्नेछ ।

(घ) संस्थाको आफ्नो कार्यालय भवन नभएमा घर वहाल सम्झौता पत्र हुनुपर्नेछ ।

(ङ) संस्था दर्ता प्रमाण पत्र, स्थायी लेखा नं., कर चुक्ता प्रमाण पत्र र विनियमको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(४) कोषसँग पुनः कर्जा कारोवार गर्न चाहने संस्थाहरूले कोषलाई तिर्नु बुझाउनुपर्ने रकम नियमित रूपमा तिरेको हुनुपर्नेछ ।

बैंक तथा वित्तीय संस्थाले कर्जा माग प्रस्ताव पेश गर्दा आवश्यक कागजातहरू :-

(क) संस्था दर्ता प्रमाणपत्र, प्रबन्धपत्र, नियमावली एवम् सञ्चालकहरूको पूर्ण विवरण ।

(ख) लेखापरीक्षण प्रतिवेदन ।

(ग) संस्थाको पुँजी संरचना, वित्तीय अवस्था, निक्षेप तथा पुँजीकोष विवरण ।

(घ) कर्मचारीको विवरण ।

नेपाल सरकार युवा, खेल तथा रोजगार मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

५. कोषको शाखा र जिम्मेवार अधिकारीहरू (शाखा प्रमुखहरू) :
कोषको अध्यक्ष : माननीय मन्त्री, रामजी यादव

क.सं.	नाम	पद	जिम्मेवार शाखा
१	हेमराज तामाङ	कार्यकारी निर्देशक	
२	सुदीप सिल्वाल	शाखा प्रमुख	प्रशासन शाखा
३	लोकबहादुर खड्का	शाखा प्रमुख	कानुन तथा प्रवर्द्धन शाखा
४	नरबहादुर साउद	शाखा प्रमुख	कार्यक्रम शाखा
५	कस्मिक वुढा	शाखा प्रमुख	असुली शाखा
६	मोहन राज अर्याल	शाखा प्रमुख	बीमा तथा तालिम शाखा
७	प्रज्वल चित्रकार	शाखा प्रमुख	वित्त शाखा
८	सूर्य प्रकाश तिवारी	शाखा प्रमुख	अनुगमन शाखा
९	लक्ष्मी मैनाली	लेखा अधिकृत	लेखा शाखा

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

हालसम्म कोषबाट सेवा प्रदान गर्नका लागि कुनै पनि दस्तुर लिने गरिएको छैन । कामको प्रकृतिअनुसार सहजै उपलब्ध हुने खालको सूचना भएमा मागेकै समयमा र समय लाग्ने खालको भएमा यथासक्य छिटो उपलब्ध गराईदै आएको छ । अबका दिनमा कुनै ठूलो आकारको सूचना माग हुन आएमा सूचनाको हकसम्बन्धी ऐन तथा नियमावलीअनुसार नै दस्तुर लिइनेछ ।

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र निर्णय गर्ने अधिकारी

निर्णय गर्ने प्रक्रियामा सम्बन्धित कागजात फाइल आदिको सुरुबाट शाखा अधिकृत हुँदै सम्बन्धित शाखा प्रमुख र निर्णय गर्ने कार्य कार्यकारी निर्देशक वा उपाध्यक्ष वा माननीय मन्त्रीबाट हुन्छ । कतिपय निर्णयहरू कार्यकारी निर्देशकबाट तालुक सचिवसमक्ष पेश हुने व्यवस्था छ ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

निर्णय प्रक्रियामा संलग्न अधिकारीले गरेको निर्णयउपर चित्त नबुझेमा निर्णयकर्ता भन्दा एक तह माथिको पदाधिकारी समक्ष उजुरी गर्न सकिने र त्यस्तो उजुरी उपर नियमानुसार कार्वाही गरिनेछ ।

नेपाल सरकार युवा, श्रम तथा रोजगार मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

९. कोषले सम्पादन गरेको कामको विवरण

आर्थिक वर्ष २०८३/८४ प्रथम त्रैमासिक निति तथा कार्यक्रम र बजेट कार्यान्वयनको प्रगति

माइलस्टोन	लक्ष्य	श्रावणदेखि असोज महिना सम्मको प्रगति
स्वरोजगार सिर्जना (हजार जना)	१२ हजार जना	युवा तथा साना व्यवसायी स्वरोजगार कोषको तालुक मन्त्रालय रहेको युवा तथा खेलकुद मन्त्रालय खारेजी भई उक्त मन्त्रालयको कामकारवाही युवा, श्रम तथा रोजगार मन्त्रालयले गरेकाले तथा कोषको आ.व. २०८३।०८४ को बजेट उद्योग मन्त्रालय अन्तर्गतको औद्योगिक विकास प्रतिष्ठानमा विनियोजन भएको र मिति २०८३।०५।२२ को मन्त्री परिषदको निर्णयबाट कोष युवा, श्रम तथा रोजगार मन्त्रालय अन्तर्गत रहने निर्णय भएकाले कोषको प्रतिष्ठानमा विनियोजित बजेट रु २,३७,०२,१६६।- कोषको नाममा आएको र पदाधिकारी नियुक्ति र लगानीको प्रक्रिया अघि बढाउने कार्यको तयारी भइरहेको ।
परियोजना तथा व्यवसायिक बीमा	कोष सञ्चालनका निम्ति २०८३ कार्तिक सम्मको बजेट विनियोजन भएको, थप बजेट माग गरिएको र कार्यक्रम सञ्चालन पूर्व तयारीका कार्यहरु भइरहेको ।	
सहकारी/वित्तीय संस्थाहरुलाई व्याज अनुदान तथा कर्जा व्यवस्थापन शुल्क वितरण		
सहकारीका अध्यक्ष र व्यवस्थापकलाई अनुशिक्षण तालिम		

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसायी
स्वरोजगार कोष

आर्थिक वर्ष २०८३/८४ प्रथम त्रैमासिक वेरुजु तथा गुनासो फछ्र्यौटको अवस्था

बेरुजु तथा गुनासो फछ्र्यौटको अवस्था

रकम रु. लाखमा				गुनासो तथा सूचना माग वटामा			
बेरुजु फछ्र्यौट	आ.व.२०८३।८४ असोज मसान्त सम्मको वेरुजु	फछ्र्यौट	फछ्र्यौट प्रतिशत	सम्बन्धित निकाय	प्राप्त सूचना तथा गुनासो	फछ्र्यौट	फछ्र्यौट प्रतिशत
युवा तथा साना व्यवसायी स्वरोजगार कोष	३७१७।२९	०	०	युवा तथा साना व्यवसायी स्वरोजगार कोष	१	१	१००
जम्मा	३७१७।२९	०	०	**जम्मा**	१	१	१००

आ.व. २०८२।८३ श्रावण महिना सम्म रु १९,४२,२६,८६३/- बेरुजु रहेकोमा आ.व. २०८२।०८३ को असार मसान्त सम्म रु ५,८७,४१,२४०/- बेरुजु रकम फछ्र्यौट गरी रु १३,५४,८५,६२३/- बेरुजु बाँकी रहेको र आ.व. २०८२।८३ मा थप रु २३,६२,४४,०३०/- थप बेरुजु देखिएकाले हाल जम्मा बेरुजु रकम रु ३७,१७,२९,६५३/- रहेको छ।

आर्थिक वर्ष २०८३/८४ प्रथम त्रैमासिक बजेट तथा खर्च प्रगति

क्र.सं.	ब.उ.श.नं.	कार्यक्रम	जम्मा वार्षिक बजेट (रु. लाखमा)	चालू			पुँजीगत		
				वार्षिक बजेट	खर्च	खर्च प्रतिशत	वार्षिक वजेट	खर्च	खर्च प्रतिशत
१	३४३५१०११	युवा तथा साना व्यवसायी स्वरोजगार कोष	२३७००	२३७००	८२।०२	३४।६०	०।००	०।००	०।००
कूल संघीय बजेट			२३७००	२३७००	८२।०२	३४।६०	०।००	०।००	०।००

नेपाल सरकार
युवा श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसायी
स्वरोजगार कोष

१०.सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद

कार्यालय प्रमुख



नाम : हेमराज तामाङ
पद : कार्यकारी निर्देशक
फोन न :४१०२७८२
इमेल : info@ysef.gov.np

सूचना अधिकारी



नाम : सूर्य प्रकाश तिवारी
पद : नि. अनुगमन शाखा प्रमुख/सूचना अधिकारी
फोन नम्बर : ०१-४१०२७९५
मोवाईल नम्बर : ९८४६०२८२६९
इमेल : info@ysef.gov.np

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७
- कर्मचारी सेवा सर्त विनियमावली, २०६९
- कर्जा लगानी तथा असुली कार्यविधि, २०७७

नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसायी स्वरोजगार कोष

१२. आम्दानी खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण :

कार्यालय कोड नं. ३४३५१३५०१

आ.व. २०८३।०८४ असोज महिनासम्मको खर्चको फाँटवारी

आ.व. २०८३।०८४

बजेट उपशिर्षक : युवा स्वरोजगार कोष (३४३५१०११३)

रु:

खर्च/वित्तिय सं. नं.	खर्च/वित्तिय संकेतको नाम	अन्तीम वजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेश्की	पेश्की बाहेक खर्च रकम	बाँकी वजेट
२१११९	पारिश्रमिक कर्मचारी	२४७,०००।००	२१५,२९९।८४	२१५,२९९।८४	०।००	२१५,२९९।८४	०।००	२१५,२९९।८४	३१,७००।१६
२१११२	पारिश्रमिक पदाधिकारी	३००,०००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	३००,००।००
२११३२	महंगी भत्ता	२०,०००।००	१५,०००।००	१५,०००।००	०।००	१५,०००।००	०।००	१५,०००।००	५,००।००
२१०३५	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	३२,१६६।००	१४,४१७।४०	१४,४१७।४०	०।००	१४,४१७।४०	०।००	१४,४१७।४०	१७,७४८।६०
२११४९	पदाधिकारी अन्य भत्ता	२००,०००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	२००,००।००
२१२१३	योगदानमा आधारित बिमा कोष खर्च	९५,०००।००	१,२००।००	१,२००।००	०।००	१,२००।००	०।००	१,२००।००	९३,८००।००
२२१११	पानी तथा बिजुली	३५,०००।००	३५,०००।००	३५,०००।००	०।००	३५,०००।००	०।००	३५,०००।००	०।००
२२११२	संचार महसुल	१०९,०००।००	३०,०००।००	३०,०००।००	०।००	३०,०००।००	०।००	३०,०००।००	७९,००।००
२२२११	इन्धन पदाधिकारी	६७,०००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	६७,००।००
२२२१२	इन्धन कार्यालय प्रयोजन	१२७,०००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	१२७,००।००
२२३११	मसलन्ध तथा कार्यालय सामग्री	२७०,०००।००	६,९२४।००	६,९२४।००	०।००	६,९२४।००	०।००	६,९२४।००	२६३,०७६।००
२२३१४	इन्धन अन्य प्रयोजन	१००,०००।००	०।००	०।००	०।००	०।००	०।००	०।००	१००,००।००
२२४१३	करार सेवा शुल्क	२२,१००,०००।००	७,८८४,२८०।४१	७,८८४,२८०।४१	०।००	७,८८४,२८०।४१	०।००	७,८८४,२८०।४१	१४,२१५,७१९।५९
कुल जम्मा		२३७०२९६६।००	८,२०२,१२१।६५	८,२०२,१२१।६५	०।००	८,२०२,१२१।६५	०।००	८,२०२,१२१।६५	१५,५००,०४४।३५

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसायी
स्वरोजगार कोष

१३. सूचनाको हकसम्बन्धी तोकिएबमोजिम अन्य विवरण

सूचनाको हकसम्बन्धी व्यवस्था कार्यान्वयनका लागि चालिएका कदमहरू:

- सूचना अधिकारी र सहायक सूचना अधिकारी तोकिएको ।
- हरेक तिन-तिन महिनामा त्रैमासिक प्रगति विवरण (स्वत प्रकाशन) तयार गरी तालुक मन्त्रालय, राष्ट्रिय सूचना आयोगमा पेश गर्ने तथा कोषको Website मा राखिएको ।
- कोषको सूचना अधिकारीको विवरण समेत फ्लेक्स प्रिट सर्वसाधारणको पुहँचमा देखिने गरी टाँस गरिएको ।
- सूचना अधिकारी र सहायक सूचना अधिकारीको नाम, इमेल, ठेगाना तथा फोटोसहितको कोषको वेभसाइटको होम पेजमा राखिएको ।
- सेवाग्राहीलाई उपलब्ध गराउने सेवाको सम्बन्धमा नागरिक वडापत्र तयार गरी राखिएको ।
- कार्यालयको सूचनापाटीमा अद्यावधिक सूचनाहरू राख्ने गरिएको ।
- कार्यालयमा उजुरी बाकस राखिएको ।
- स्वतः प्रकाशन तयार गरी कोषको Website मा राखिएको ।
- कोषमा प्रत्यक्ष, फोन तथा इमेलमार्फत आएका जिज्ञासा तथा सवालहरूलाई आवश्यकताअनुसार सूचना उपलब्ध गराइएको ।
- पत्रकार सम्मेलन गरी कोषको कार्यप्रगति विवरणबारे जानकारी गराइएको ।

१४. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरू

नियमित स्वरोजगार कार्यक्रम

- यस कार्यक्रमअन्तर्गत कोषले स्थापना कालदेखि नियमित रूपमा बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूबाट थोक कर्जा लगानी गरी थोक कर्जा लिएका संस्थाहरूमार्फत बेरोजगार युवाहरूमा कोषको नियमानुसार लक्षित वर्गमा कर्जा लगानी गर्दै आएको छ ।

साझेदारीमा आधारित कार्यक्रम

- स्थानीय स्रोत साधनको समुचित प्रयोग हुनेगरी मुलुकमा उपलब्ध जनशक्तिद्वारा स्वरोजगारमूलक व्यावसायिक परियोजना सञ्चालन गर्नका लागि प्रदेश र स्थानीय तह (नगरपालिका, गाउँपालिका) र समान उद्देश्य बोकेका स्वरोजगार तथा रोजगारसँग जोडिएका सङ्घसंस्थाहरूसँग सहकार्यमा आधारित साझेदारी कर्जा लगानी कार्यक्रममार्फत सुलभ व्यावसायिक कर्जा उपलब्ध गराई उद्यमशीलताको विकासमार्फत मुलुकभित्र स्वरोजगारका अवसरहरू सिर्जना गर्न कोषले सहकार्यमा आधारित साझेदारी कार्यक्रम सञ्चालनमा ल्याएको हो । कोषले स्वरोजगार तथा रोजगार सिर्जना गर्नका लागि लोकल हाँस-कुखुरापालन, बङ्गुरपालन, बाख्रापालन, होमस्टे, ऱ्याफ्टिङ व्यवसाय, आलु खेती, केरा खेती, बगर खेती, गोलभेडा, अदुवाखेती, काउली, बन्दा, बेसार खेती, पशुपक्षी पालन आदि व्यवसायमा कर्जा उपलब्ध गराई स्वरोजगार कार्यक्रम सञ्चालन गरिएको छ ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसायी
स्वरोजगार कोष

आ.व. २०८३ असार मसान्त सम्मको प्रगति विवरण :

क्र.सं	आ.व.	स्वरोजगार संख्या (जना)	लगानी रकम रु. (निकासा)	अभिमुखिकरण तालिम (जना)	सीपमूलक तालिम (जना)	अनुशिक्षण तालिम (जना)	ब्याज अनुदान		बीमा गरेको संख्या(जना)	कर्जा व्यवस्थापन शुल्क		बीमा क्षतिपूर्ति प्राप्त रकम	
							जना	रकम रु		जना	रकम	जना	रकम रु
१	०६६/६७	१२	१००,०००,०००	-	-	-	-	-					
२	०६७/६८	५४६	१७७,०००,०००	-	-	-							
३	०६८/६९	४,२०६	६५७,७०५,००००	-	४,५८९	-	-				-		
४	०६९/७०	१०,०२५	१,४६७,२००,०००	१७,०२३	-	१,२८९							
५	०७०/७१	१०,६८०	८४३,७९०,०००	११,५००	३१५६	१०२			१५८५८			१२२	९५४७४९५
६	०७१/७२	२,८९६	२१५,५९५,०००	२,७६२	-	१२८			१०२६	४२११	२१०५,५००	११६	५९४४६६२
७	०७२/७३	२,५९७	३६६,०६५,०००	२,६६२	-	३४०	६४१	४,८६६,९८७,७३	४४२७	७०६७	३५,३३५,००	१२०	६६७८४२५
८	०७३/७४	७,५९५	१,०९३,६१५,०००	७,१९८	६५८	८६५	१६६७	१७,१०८,४८०,७७	४७८९	११४६	५,७३०००	११७	५९०२३७५
९	०७४/७५	१७,०३९	२,३५,०८१०,०००	०	-	९५७	५,७०३	५८,१५,८२१	१४५,७१	१५,७९	७८९,५००	१२०	७२६३७५९
१०	०७५/७६	१२,८४०	१,५२१,७००,०००	८३०	-	५२०	४१९२	४०,५९०,१४४,९४	९९२९	१३२५	६६२,५००	१०८	७९२९९५०
११	०७६/७७	५,२०२	७२४,८६०,०००	५८८	-	३४८	३५९	३,९७४,१२६,१३	५,६९४	१५१०	७५,०००	१७५	८८४११४६
१२	०७७/७८	५,७६६	३८७,७५०,०००	०	-	२२२	११	२४०,५३८,८०	२,३१४	२५९९	१२९९,५००	१०३	६२७६,५६७
१३	०७८/७९	१२,१३९	२,०३१,६५०,०००	०	३७	९१५	१,४८१	२०,९१९,२५४,२०	७,५४६	२,९०७	१,४५३,५००	१२६	८०९११८२
१४	०७९/८०	१२,०३६	१,४३८,४५०,०००	-	-	८९३	१००७	१६,४४१,२१७,०३	१०,१३०	३,६०१	१,८००,५००	१०६	७१३१,५०५
१५	०८०/८१	५,७६०	७६०,३००,०००	-	-	१७८	७६	८६३,८७२,८०	५,५०८	१९९४	९९७०००	११३	७२८३९,२
१६	०८१/८२	०	०	-	-	-	८५३	१३,३२१,६७३.००	५६३	१९९५	९९७,००	२५	१६९९७००
१७	०८२/८३	१४४०	२६८२०००००	-	-	६६	२६९	४,०७८,००२.००	१,४७६	२०००	१००००००	९३	६२१९९००
जम्मा		११०,७७९	१४,२०४,०३५,०००	४२,५६३	८,४४०	६,८२३	१६,२६७	१८०,५६०,११८.४०	८३,०३१	३१,९३४	१५,९६७,०००	१४४४	८८७१४५३८

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसायी
स्वरोजगार कार्यक्रम

१५. सार्वजनिक निकायको वेभसाइट
Website : www.ysef.gov.np
Email : info@ysef.gov.np
Phone : 014102782/ 014102788

१६. सूचना परियोजनामा प्राप्त भएको वैदेशिक सहायता ऋण, अनुदान, एवम् सम्झौता सम्बन्धी विवरण :
यस सम्बन्धी विवरण नभएको ।

१७. कोषले सञ्चालन गरेका कार्यक्रम र सोको प्रतिवेदन :

कर्जा लगानी एवम् स्वरोजगारी सृजना :

बेरोजगार युवाहरूलाई सहुलियत ब्याजदरमा कर्जा लगानी गरी स्वरोजगारी सृजना गर्नु कोषको मुख्य कार्यक्रम हो । कोषले थोक कर्जा लगानीको लागी नेपाल राष्ट्र बैंक मार्फत बैंक वित्तीय संस्थाहरुबाट विपन्न वर्ग कर्जा अन्तर्गत ३.५ प्रतिशत ब्याजदरमा रु ३,८१,५१,८६,७८२/- र साझेदारीमा आधारित कार्यक्रम अन्तर्गत ७ वटा स्थानिय तहबाट रु ४,६२,००,०००/- शुन्य प्रतिशत ब्याजदरमा ऋण लिई जम्मा रु ३,८६,१३,८६,७८२/- परिचालन गरिराखेको छ । कोषले हालसम्म मनाङ र मुस्ताङ बाहेक ७५ जिल्लाहरुमा स्वरोजगार कार्यक्रम सञ्चालनमा ल्याएको छ । कोषले स्थापनाकालदेखि आ.व. २०८३।८४ को असोज मसान्तसम्ममा देशभरका ४३ वटा बैंक तथा वित्तीय संस्थाहरूबाट र २९०२ वटा सहकारी संस्था गरी जम्मा २९४५ वटा संस्थाहरुबाट Revolving Fund को रुपमा रु. १४,४०,४०,३५,०००/- कर्जा लगानी गरी १,१०,७७९ जना बेरोजगार युवाहरूलाई स्वरोजगार बनाएको छ भने करिब १ लाख मौसमी तथा अल्पकालीन रोजगारी सृजना गरेको छ । कोषले बैंक वित्तिय संस्था तथा सहकारी संस्था मार्फत गरेको कर्जाबाट हाल सम्म करिब रु ९० करोड बचत समेत गरेको छ । यसरी हेर्दा कोषले प्राप्त गरेको बीउ पूँजीको हालसम्म क्षय गरेको छैन । आ.व. २०८३।०८४ को असार मसान्तसम्म वित्तिय तथा सहकारी संस्थाहरुमा थोक कर्जाको रुपमा कोषको करिब रु १ अर्ब ६७ करोड कर्जा लगानीमा रहेको छ ।

संस्थाहरूको स्थलगत अनुगमन :

कोषबाट सञ्चालित कार्यक्रमहरुको प्रभावकारिताका लागि संस्थाहरुको स्थलगत/गैर स्थलगत अनुगमन गर्नु कोषको एक महत्वपूर्ण कार्य हो । कोषले लगानी भएको कर्जा तथा कार्यक्रमहरू कोषको उद्देश्यअनुसार सञ्चालन भए/नभएको निरीक्षण गर्ने, सम्बन्धित संस्थाबाट आवश्यक विवरणहरु संकलन गर्ने र प्राप्त प्रगतिका आधारमा आवश्यक सुधार गर्ने तथा अनुगमनका क्रममा देखिएका समस्या, चुनौती तथा जोखिमहरू पहिचान गरी समाधानका उपायहरू अगाडी बढाउदछ । जसले गर्दा कोषका कार्यक्रमलाई प्रभावकारी, पारदर्शी, व्यवस्थित र उद्देश्यअनुकूल रूपमा सञ्चालन गर्न मद्धत पुग्दछ ।

कोषले स्वरोजगार कर्जा लगानी गर्नुपूर्व हरेक संस्थाको स्थलगत अनुगमन तथा निरिक्षण गर्नुपर्ने कोषको कानूनी व्यवस्था बमोजीम कोषले आ.व. २०८३।८४ को असोज मसान्तसम्म ७५ जिल्लाका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूको स्थलगत अनुगमनका आधारमा कोषको सूचनाको मापदण्ड अनुसार उचित देखिएका २९४५ वटा संस्थाहरूबाट स्वरोजगार कर्जा लगानी गरेको छ ।

कर्जा असुली र कारबाही :

कोषले लगानी गरेको रकम नियमानुसार असुलउपर नभएमा कोष नियमावली, कर्जा लगानी तथा असुली कार्यविधी एवम् प्रचलित ऐन नियमानुसार कोषले असुल उपर गर्दै आएको छ । असुलउपर हुन नसकेको रकम संरक्षणका लागि संस्थाका सञ्चालक समिति, लेखा समिति तथा ऋण उस-समितिका पदाधिकारी एवम् सदस्यहरूको एकाघरका परिवारको चल/अचल सम्पत्ति तथा बैङ्क खाता समेत रोक्का राखिएको छ ।

नेपाल सरकार युवा, श्रम तथा रोजगार मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

कोष स्थापनाकाल देखि आ.व. २०८३।८४ को असोज मसान्त सम्ममा रु १४,४०,४०,३५,०००/- स्वरोजगार थोक कर्जा लगानी भएको छ भने मिति २०८३ को असार मसान्त सम्ममा करिब रु ७२ करोड भाखा नाघेको रकम देखिन्छ । भाखा नाघेको रकम संरक्षणका लागि भाखा नघाएका सहकारी संस्था तथा वित्तिय संस्थाका सञ्चालक/पदाधिकारीहरुको घर जग्गा रोक्का रहेको अवस्था छ भने १३१ वटा सहकारी संस्थाका करीब १६४० जनाको बैङ्क खाता समेत रोक्का गरिएको छ ।

कोषले आ.व. २०८३।८४ को श्रावणदेखि असोज मसान्तसम्ममा भाखा नाघेको रकम मध्ये रु ४,२४,६४,४०२/- असूलउपर गरेको छ । त्यस्तै मिति २०८३।०६।२८ मा भाखा नाघेको कर्जा असूली गर्ने सम्बन्धि सूचना समेत प्रकाशन गरी सबै स्थानिय तहहरुलाई पत्राचार गरिएको छ ।

तालिम तथा अभिमुखीकरण :

स्वरोजगार बन्न इच्छुक युवा र साना व्यवसायीहरूमा परम्परागत सीप छ भने एकातिर त्यसलाई समयानुसार निखार्न आवश्यक हुन्छ भने अर्कोतिर नयाँ र आधुनिक सीप चाहिने भए त्यस्ता खालको व्यावहारिक तालिम प्रदान गर्न जरुरी हुन्छ । कोषले कोष सञ्चालन नियमावली, २०७७ र कर्जा लगानी तथा असुली कार्यविधि, २०७७ अधिनमा रही विभिन्न संघसंस्थाहरूसँग समन्वय गरी तथा कोषस्वयम्ले तालिम सञ्चालन गर्ने गरेको छ । कोषले आ.व. २०८३।८४ को असोज मसान्त सम्ममा ४२,५६३ जनालाई अभिमुखीकरण तालिम, ८४४० जनालाई सीपमूलक तालिम तथा ६८२३ जनालाई अनुशिक्षण तालिम उपलब्ध गराएको छ ।

अनुसन्धान, कार्यक्रम प्रवर्द्धन एवम् सूचना प्रविधि :

अनुगमन, कार्यक्रम, तालिम, ब्याज अनुदान र असुलीको कामलाई थप व्यवस्थित गर्न सफ्टवेयर तयार गरिएको यस्ता सबै सफ्वेयरहरूलाई एकीकृत गर्ने काम अगाडि बढाइएको छ । कोषका जी.आई.डि.सी.को सर्भरमा कोषको वेवसाइटसम्बन्धी डाटालाई उक्त सर्भरको साथै कोषको आफ्नै कार्यालयको सर्भरमा समेत राख्ने व्यवस्था मिलाइएको छ । कोषका कामकारवाही तथा सूचनाहरु सहज तवरले आम नागरिकहरुमा प्रवाह गर्नको लागि कोषको एक वेवसाईट (www.ysef.gov.np) निर्माण गरी सञ्चालनमा ल्याइएको छ । कोषसँग कारोवार गर्ने सहकारी संस्थाहरूसँग विभिन्न तहमा अन्तरक्रिया तथा सरोकारवाला निकायहरूसँग कोषको काम तथा स्वरोजगार कार्यक्रम सम्वन्धमा विभिन्न अभिमुखीकरण, अन्तरक्रिया तथा गोष्ठी सञ्चालन गर्ने एवम् प्रदर्शनीहरूमा सहभागिता जनाई कोषको बारेमा जानकारी दिने र स्वरोजगार व्यवसायीले गरेको उत्पादनलाई प्रदर्शन तथा विक्री बितरण गर्न सहजता प्रदान गरिएको छ । नेपाल सरकार, युवा, श्रम तथा रोजगार मन्त्रालयले सुनसरी जिल्लाको इटहरीमा मिति २०८३।०६।१४ देखि २०८३।०६।२० सम्म आयोजना गरेको शिप तथा रोजगार मेला, २०८३ मा कोषको कार्यक्रमको प्रबद्धनका लागी कोषले स्वरोजगार स्टल राखि आगन्तुकहरुलाई कार्यक्रमको बारेमा जानकारी गराएको छ ।

ब्याज अनुदान तथा कर्जा व्यवस्थापन शुल्क :

युवा स्वरोजगार कर्जा प्राप्त गरेका कोषको नियमामनुसार नियमित किस्ता भुक्तानी गर्ने असल ऋणीले भुक्तानी तालिका बमोजिम सम्पूर्ण किस्ता साँवा तथा ब्याज भुक्तानी गरे पश्चात ऋणीले तिरेको ब्याजको ६० प्रतिशत ब्याज अनुदान स्वरुप सम्बन्धित ऋणीले पाउनेछ । त्यस्तै, वित्तीय संस्था वा सहकारी संस्थाले लक्षित युवालाई स्वरोजगार कर्जा लगानी गरेपछि कोषले प्रति व्यक्ति लगानीमा रु.५००।- (अक्षरुपी पाँच सय मात्र) कर्जा व्यवस्थापन शुल्क वापत रकम सम्बन्धित लगानी गर्ने संस्थालाई उपलब्ध व्यवस्था रहेको छ । कोषले आ.व. २०८३।८४ को असोज मसान्त सम्ममा बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूमार्फत कर्जा लगानी भएका ५१५ वटा सहकारी संस्था तथा वित्तिय संस्थाहरुका १६२६७ जना व्यवसायीहरुलाई रु.

१८,०५,६०,११८।- ब्याज अनुदान तथा ९६१ वटा सहकारी संस्था तथा वित्तिय संस्थाहरुका ३१९३४ जना व्यवसायीहरुलाई रु १,५९,६७,०००/- कर्जा व्यवस्थापन शुल्क वितरण गरेको छ ।

व्यवसायी तथा परियोजना बीमा :

मिति २०६६।०१।२८ मा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष कार्यक्रम अन्तर्गत प्रवाह गरिने ऋणको संरक्षणका लागि बीमा गर्दा अपनाउने कार्यविधि सम्बन्धमा नेपाल सरकार अर्थ मन्त्रालय र तत्कालीन राष्ट्रिय बीमा संस्थान (नेतृत्व-बीमकहरूबाट) बीच भएको दुई पक्षीय सम्झौता बमोजिम कोषबाट विभिन्न बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूबाट प्रवाह भएको स्वरोजगार कर्जा लिएका व्यवसायीहरूको तथा परियोजना बीमा हाल राष्ट्रिय बीमा कम्पनी लि.बाट गरिँदै आइरहेको छ । कोषले आ.व. २०८३।८३४ को असोज मसान्त सम्ममा ८३,०३१ जना ऋणी व्यवसायीहरूको बीमा गराएको छ । जसमध्ये १४४४ जना व्यवसायीहरूको परियोजना क्षतिभई तथा व्यवसायीहरुको मृत्यु भई रु ८,८७,१४,५३८/- क्षतिपूर्ति उपलब्ध गराएको छ ।

नेपाल सरकार युवा, श्रम तथा रोजगार मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

क्र.स.	सूचना वर्गीकरण	सूचनाहरु	कैफियत
	साधारण (सार्वजनिक गर्न सकिने सूचना)	कोष सञ्चालन नियमावली	
		कर्मचारी सेवा सर्त विनियमावली	गोप्य राख्नु पर्ने वाहेकका विवरणहरु
		कर्जा लगानी तथा असूली कार्यविधि	
		कोष सञ्चालक समितिका निर्णयहरु	संवेदनशील तथा गोप्य राख्नु पर्ने वाहेकका विवरणहरु
१		कोषको वार्षिक कार्यक्रम, कार्ययोजना	
		दरबन्दी सम्बन्धी विवरण	
		कोषले प्रदान गर्ने सेवाको विवरण	
		मासिक, त्रैमासिक, वार्षिक प्रगति विवरण (वित्तिय विवरणहरु समेत)	
		चालु तथा पूँजीगत खर्च सम्बन्धी विवरण (खर्चको फाँटवारी)	
		कोषका कार्यक्रम तथा लगानीका मापदण्डहरु	
		पदपुर्ति, लगानी, सिलबन्दी दरभाउपत्र, बोलपत्रसम्बन्धी सूचना	
		कोषबाट अनुगमन भएका अनुगमन प्रतिवेदनहरु	
		कोषले प्रदान गरेका तालीम, असूली, ब्याद अनुदान तथा बीमा सम्बन्धी विवरणहरु	
		कोषले कर्जा लगानी गरेका वित्तिय संस्था, सहकारी संस्था र स्वरोजगार व्यवसायीहरुको लगानी विवरण	कोषले कर्जा लगानी गरेको रकम नेपाल सरकारको परिवर्तित नियमानुसार सार्वजनिक गर्न सकिने
		कोषमा प्रस्ताव पेश गरी स्वीकृत भएका, अस्वीकृत भएका, अनुगमन तथा निरीक्षणको क्रममा रहेका वित्तिय संस्था तथा सहकारी संस्थाहरुको विवरण	
		कोषको लगानी योग्य रकम र खराव कर्जाको अवस्था	
		कोषसँग सम्बन्धित अध्ययन, अनुसन्धान प्रतिवेदनहरु	

नेपाल सरकार
श्रम, श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसायी
स्वरोजगार कोष

		कोषका प्रचार सामग्रीहरु (ब्रोसर, बुलेटिन आदि)	
२	**गोप्य (निश्चित समयावधि पछि सार्वजनिक गर्न सकिने)**	प्रक्रियामा रहेका तथा अन्तिम किनारा नलागेका मुद्दाहरु	
		गोप्य उजुरी दिने उजुरीकर्ताको विवरण	
		पदपूर्तिको अन्तिम नजिता प्रकाशन हुनुपूर्वको परिणामहरु	
		वित्तीय संस्था तथा सहकारी संस्थाहरुसँग भएको सम्झौता, तमसुक तथा संस्थागत विवरण तथा कागजातहरु	
३	**अति गोप्य (सार्वजनिक गर्न नसकिने)**	कर्मचारीहरुको व्यक्तिगत विवरण	अति गोप्य कागजातहरु कुनै पनि मुद्धाको किनारा लगाउन पर्ने भएमा अदालतको आदेश अनुसार उपलब्ध गराउन सकिने
		पदपुर्तिको क्रममा लिखित, प्रयोगात्मक तथा अन्तरवार्ताका प्राप्त अंक	
		कर्मचारीको कार्यसम्पादन मूल्याङनबाट प्राप्त अंक	
		वित्तीय संस्था तथा सहकारी संस्थाहरुसँग भएको सम्झौताको बखत पेश गरेका व्यक्तिगत विवरण तथा कागजातहरु	विवरणसँग सम्बन्धित आधिकारिक व्यक्तिले माग गरेमा नियमानुसार उपलब्ध गराउन सकिने ।

१९. **आ.व. २०८३।०८४ को श्रावणदेखि असोज मसान्त सम्ममा कोषमा परेका सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय**

आ.व. २०८३।८४ को श्रावणदेखि असोज मसान्त सम्म १ जना व्यक्तिले लिखित सूचना माग भई आएकोमा उक्त व्यक्तिहरुलाई लिखित रुपमा सूचना उपलब्ध गराइएको ।

२०. **कोषका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण**

विभिन्न राष्ट्रिय दैनिक पत्रपत्रिकामा कोषको कर्जा मागसम्बन्धी तथा कर्जा असुली सम्बन्धी सूचनाहरु प्रकाशन गरिएको ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
युवा तथा साना व्यवसाय
स्वरोजगार कोष